धनगढी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०८०/०८१
चलानी नम्बर : ११२४

मिति : २०८१।०३।१६

# कक्षा ११ मा छात्रवृत्ति कोटामा अध्ययन गर्न चाहने विद्यार्थीहरूले आवेदन फाराम भरी बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना !

धनगढी उपमहानगरपालिका अन्तर्गतका संस्थागत शिक्षण संस्थामा कक्षा ११ मा भर्ना भई छात्रवृत्ति कोटामा अध्ययन गर्न ईच्छुक SEE परीक्षा उत्तीर्ण विद्यार्थीहरुले मिति २०८१ आषाढ १६ गते दिनको २:०० बजेदेखि ऐ. असार ३० गते दिनको ३:०० बजेभित्र देहायको विवरण अध्ययन गरी शिक्षा, युवा तथा खेलकुद महाशाखाले फाराम बुझाउन निर्धारण गरेको स्थानमा आवेदन फाराम भरी बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Khati

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

**देहाय:**

१. **परीक्षा हुने मिति र समय :** २०८१ श्रावण ५ गते विहान ११:०० बजेदेखि १२:३० बजेसम्म।

२. **परीक्षा केन्द्र :** कार्यालयको वेबसाइट www.dhangadhimun.gov.np मा पछि प्रकाशित गरिनेछ।

३. **आवेदन फाराम दर्ता शुल्क :** रु.२५०।- (दुई सय पचास मात्र)।

४. **छात्रवृत्तिको कोटा र सिफारिस :** धनगढी उपमहानगरपालिका क्षेत्रभित्रका संस्थागत विद्यालयमा पढाई हुने विषयका आधारमा कुल भर्ना क्षमताको १० प्रतिशत संख्याका आधारमा प्राप्त हुने संख्यालाई शतप्रतिशत संख्या मानी उक्त शतप्रतिशत संख्यालाई देहायबमोजिम वितरण गरी छात्रवृत्तिको कोटा निर्धारण गरिनेछ।

(१) खुला समूह छात्रवृति ५५ प्रतिशत

(२) समावेशी समूह छात्रवृति ४५ प्रतिशत

(३) समावेशी समूहका लागि वितरित ४५ प्रतिशत छात्रवृत्ति कोटालाई शतप्रतिशत मानी देहायको प्रतिशतका आधारमा निर्धारण गरी वितरण गरिनेछ।

| | | |
|---|---|---|
| (क) | छात्रा | ३३ प्रतिशत |
| (ख) | दलित | १४ प्रतिशत |
| (ग) | थारु/रानाथारु | १३ प्रतिशत |
| (घ) | खस आर्य | ११ प्रतिशत |
| (ङ) | आदिवासी/जनजाती | १० प्रतिशत |
| (च) | पिछडिएको क्षेत्र | १० प्रतिशत |
| (छ) | अपाङ्गता भएको व्यक्ति | ४ प्रतिशत |

(ज) मधेशी ३ प्रतिशत

(झ) मुश्लिम २ प्रतिशत

(३) पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लालाई जनाउनेछ ।

(४) कुनै समावेशी समूहका लागि निर्धारण गरिएको कोटामा विद्यार्थी छनौट नभएमा खुला समूहका विद्यार्थीलाई छात्रवृत्तिका लागि सिफारिस गरिनेछ ।

५. **छात्रवृत्तिका लागि आवेदन दिन आवश्यक पर्ने न्यूनतम् योग्यता :**

(१) SEE मा न्यूनतम् 1.6 GPA ल्याई सबै विषय उतीर्ण गरेको ।

(२) सामुदायिक विद्यालयमा अध्ययन गरी SEE उतीर्ण गरेको ।

(३) संस्थागत विद्यालयमा अध्ययन गरेकाको हकमा कक्षा १० मा सम्बन्धित विद्यालयले उपलब्ध गराएको छात्रवृत्ति कोटामा अध्ययन गरी SEE उतीर्ण गरेको ।

६. **आवेदकले पेश गर्नु पर्ने कागजातहरु :** देहायको क्रमानुसार कागजात संलग्न राखी फाइल पेश गर्नु पर्नेछ ।

(१) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो टाँसेर तोकिएको विवरण भरेको आवेदन फाराम ।

(२) आवेदन दर्ता शुल्क रु. २५०।– (दुई सय पचास) बुझाएको सक्कल भौचर ।

(३) SEE को प्रवेशपत्र र ग्रेडसिटको प्रतिलिपि । (ग्रेडसिट अनलाइन प्रिन्ट भए पनि हुने)

(४) सामुदायिक विद्यालयमा अध्ययन गरेकाको हकमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले सामुदायिक विद्यालयमा अध्ययन गरेको सम्बन्धमा तोकिएको ढाँचामा गरेको सिफारिस पत्रको प्रतिलिपि र संस्थागत विद्यालयबाट अध्ययन गरेकाको हकमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले संस्थागत विद्यालयमा छात्रवृतिमा अध्ययन गरेको सम्बन्धमा तोकिएको ढाँचामा गरेको सिफारिस पत्रको प्रतिलिपि ।

(५) नागरिकताको प्रमाणपत्र वा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(६) समावेशी कोटाको छात्रवृतिमा आवेदन पेश गर्ने आवेदनकर्ताले देहायका थप कागजातहरुको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

(क) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित गराएको कागजात ।

(ख) थारु/रानाथारुका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट थारु/रानाथारु भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट थारु/रानाथारु भनी प्रमाणित गराएको कागजात ।

(ग) खस आर्यका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट खस आर्य भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट खस आर्य भनी प्रमाणित गराएको कागजात ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

(घ) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित गराएको कागजात।

(ङ) पिछडिएको क्षेत्रको सम्बन्धमा सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट आवेदन दिँदाको बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको हो भनी प्रमाणित भएको कागजात।

(च) अपाङ्गताको हकमा सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र।

(छ) मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

(ज) मुश्लिमको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मुश्लिम भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मुश्लिम भनी प्रमाणित गराएको कागजात।

(७) अपाङ्गता भएको कारण आफैले लेख्न नसक्ने (दृष्टिविहीन, 'ग' वर्गको न्यून दृष्टि र दुबै हात नचल्ने) उम्मेदवारले सहयोगी लेखक माग गरेमा कम्तीमा एक कक्षा मुनिमा अध्ययनरत व्यक्तिलाई सहयोगी लेखकको रूपमा परीक्षामा बस्न परीक्षा हुने दिनभन्दा दुईदिन अगाडी नै उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट अनुमति लिनु पर्नेछ।

७. **छात्रवृत्ति छनौट परीक्षाको पाठ्यक्रम, परीक्षा प्रणाली र छनौट प्रक्रिया :** कक्षा १० को पाठ्यक्रमका आधारित विषयवस्तु र स्थानीय बासिन्दा वापतको देहाय बमोजिम जम्मा १०० पूर्णाङ्कका आधारमा सबै भन्दा बढी प्राप्ताङ्क हासिल गर्ने उम्मेदवारलाई पहिलो प्राथमिकताका आधारमा छनौट गरिनेछ।

(१) छात्रवृत्ति छनौटको योजना

| वस्तुगत परीक्षाको अङ्क | स्थानीय बासिन्दाको अङ्क | जम्मा पूर्णाङ्क | वस्तुगत परीक्षाको उत्तीर्णाङ्क |
|---|---|---|---|
| ९० | १० | १०० | ४५ |

(२) वस्तुगत लिखित परीक्षाको कूल ९० अङ्कको विभाजन तथा परीक्षा योजना

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या र अङ्क | समय |
|---|---|---|---|---|
| गणित | २० | वस्तुगत बहुवैकल्पिक प्रश्नहरु | १०x२ = २० | १ घण्टा ३० मिनेट |
| विज्ञान | २० | | १०x२ = २० | |
| अँग्रेजी | २० | | १०x२ = २० | |
| नेपाली | २० | | १०x२ = २० | |
| सामानय ज्ञान | १० | | ५x२ = १० | |



नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

(३) स्थानीय बासिन्दाको १० अङ्क प्रदान गर्दा धनगढी उपमहानगरपालिकाको स्थायी बासिन्दालाई १० अङ्क, कैलाली जिल्लाका अन्य स्थानीय तहका बासिन्दालाई ५ अङ्क र अन्य जिल्लाका स्थानीय तहका बासिन्दालाई ० अङ्कका दरले प्रदान गरिनेछ।

(४) छात्रवृत्तिका लागि विद्यालयमा सिफारिस गर्दा विषयगत र छात्रवृतिको कोटा समूहको आधारमा सबै भन्दा बढी प्राप्ताङ्क हासिल गरेका आवेदकलाई पहिलो प्राथमिकताको आधारमा सिफारिस गरिनेछ।

८. **छात्रवृत्तिमा अध्ययन गर्न सिफारिस गरिने विद्यालय र विषय समूह :** देहायका विद्यालयमा देहायका विषय अध्ययनका लागि छनौट भएका आवेदकलाई सिफारिस गरी पठाईनेछ।

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | विषय समुह |
|---|---|---|
| १ | श्री जेसिस एभरेष्ट मावि, धनगढी-२, बैयाबेहडी | व्यवस्थापन |
| २ | श्री सुदूरपश्चिम मावि, धनगढी-२, बैयाबेहडी | विज्ञान, व्यवस्थापन, शिक्षा, मानविकी र कानून |
| ३ | श्री एलाइन्स ईङ्गलिश स्कुल, धनगढी-२, बैयाबेहडी | व्यवस्थापन र कानून |
| ४ | श्री बोर्डभिजन एकेडेमी, धनगढी-३, चटकपुर | व्यवस्थापन र होटल म्यानेजमेन्ट |
| ५ | श्री कोविदा स्कुल, धनगढी-३, विशालनगर | होटल मेनेजमेन्ट |
| ६ | श्री क्रिसेन्ट सिटी स्कुल, धनगढी-४, उत्तरबेहडी | विज्ञान, व्यवस्थापन, कानून र होटल म्यानेजमेन्ट |
| ७ | श्री नाष्ट मावि, धनगढी-४, उत्तरबेहडी | विज्ञान र व्यवस्थापन |
| ८ | श्री कैलाली मोडेल मावि, धनगढी-४, उत्तरबेहडी | विज्ञान र व्यवस्थापन |
| ९ | श्री ग्यालेक्सी मावि, धनगढी-५, हसनपुर | विज्ञान र व्यवस्थापन |
| १० | श्री ऐश्वर्य विद्या निकेतन, धनगढी-५, हसनपुर | विज्ञान, व्यवस्थापन, शिक्षा र मानविकी |
| ११ | श्री एक्सिस विद्याश्रम, धनगढी-५, हसनपुर | विज्ञान, व्यवस्थापन र कानून |
| १२ | श्री शारदा विद्या निकेतन, धनगढी-५, तारानगर | शिक्षा |

९. **नतिजा प्रकाशन तथा सिफारिस प्रक्रिया :**

(क) छात्रवृत्ति छनौट परीक्षाको नतिजा कार्यालयको वेवसाइट www.dhangadhimun.gov.np र शिक्षा, युवा तथा खेलकुद महाशाखा, धनगढी उप-महानगरपालिकाको फेसबुक पेजबाट सार्वजनिक गरिनेछ।

(ख) छात्रवृत्ति परीक्षामा सहभागी हुन एउटा आवेदकले खुला र छानेको दुईवटा समावेशी समुह गरी बढीमा तीन वटा कोटाका लागि मात्र आवेदन दिन पाउनेछ। छनौट भएपछि सिफारिस गर्दा बुँदा नं. ४ मा उल्लेखित समूहगत प्राथमिकताक्रम एवम् आवेदकले प्राप्त गरेको योग्यताक्रम अनुसार गरिनेछ।

१०. **छात्रवृत्ति छनौट परीक्षा सम्बन्धी थप जानकारी :**

(क) उपमहानगरपालिकाद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा SEE मा सबै विषय उत्तीर्ण नभएको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेको वा कुनै शर्त राखिएको आवेदन स्वीकृत गरिने छैन। साथै, कुनै आवेदकले झुट्टा विवरण उल्लेखित कागजात पेश गरेको जानकारी हुन आएमा त्यस्तो आवेदकको आवेदन फाराम जुनसुकै बखत रद्द गरी प्रचलित कानूनबमोजिम कारबाही गरिनेछ।



नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

(ख) आवेदकलाई आवेदन फाराम बुझाएकै दिन जुन स्थानमा आवेदन फाराम बुझाएको हो, सोही स्थानबाट प्रवेशपत्र वितरणको व्यवस्था मिलाईनेछ। छात्रवृत्ति परीक्षा दिन आउँदा उक्त प्रवेशपत्र अनिवार्य रूपमा लिएर आउनु पर्नेछ। अन्यथा परीक्षामा सहभागी गराइनेछैन।

(ग) परीक्षा केन्द्रमा प्रत्येक परीक्षार्थीको आवश्यक सुरक्षा जाँच गरिने हुँदा परीक्षार्थीहरू परीक्षा शुरु हुनुभन्दा कम्तीमा एकघण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनुपर्नेछ।

(घ) परीक्षार्थीहरूले क्याल्कुलेटर, पेजर, मोबाइल फोन, ब्लुट्युथ, आइप्याड, ट्याबलेट लगायत अन्य कुनैपनि विद्युतीय उपकरण तथा वालेट, पर्स तथा स्मार्ट घडी समेत परीक्षा केन्द्रमा लैजान पाइने छैन।

(ङ) छात्रवृत्ति छनौट परीक्षा शुरु भएको १५ मिनेट पछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश दिइने छैन।

(च) परीक्षाका लागि आवश्यक पर्ने कालो कलम (Black Ball Pen) विद्यार्थी स्वयम्ले ल्याउनु पर्नेछ। आफुलाई सही लागेको उत्तर उत्तरकुञ्जिकाको प्रश्न पत्र र उत्तरपुस्तिकामा दिइएको निर्देशन बमोजिम लेख्नु पर्नेछ। लेखिसकेको उत्तर सच्याउन तथा टिपेक्स जस्ता करेक्टिङ मसिहरू प्रयोग गर्न पाइने छैन्। सिसाकलम प्रयोग गरेको, खुर्केको, केरमेट गरेको, च्यातिएको वा टिपेक्स लगाएका उत्तरहरूको कुनै अङ्क प्राप्त हुने छैन।

(छ) परीक्षार्थीले निर्धारित समय १ घण्टा ३० मीनेट समाप्त भएपछि मात्र परीक्षा हलबाट बाहिर जान पाउनेछन्।

(ज) नक्कली परीक्षार्थी खडा गरी परीक्षा दिएमा वा दिने प्रयास गरेमा त्यस्ता परीक्षाथीको परीक्षा रद्द गरी प्रचलित कानुनबमोजिम कारबाही गरिनेछ।

(झ) छात्रवृत्ति परीक्षा सम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ। छात्रवृत्ति परीक्षा सम्बन्धमा कुनै विवाद भएमा कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ।

(ञ) छात्रवृत्ति छनौट परीक्षासम्बन्धी थप जानकारीका लागि शिक्षा, युवा तथा खेलकुद महाशाखाको फोन नम्बर ०९१-५२६७२९ मा सम्पर्क गर्न सकिनेछ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

**<u>बोधार्थ एवम् अवगतार्थ :</u>**

श्रीमान नगर प्रमुख ज्यू : जानकारीका लागि सादर अनुरोध।

श्रीमान नगर उपप्रमुख ज्यू : जानकारीका लागि सादर अनुरोध।

श्री सञ्चार तथा सुचना प्रविधि शाखा : सूचना वेभसाइट र फेसबुक पेजमा अपलोड गरिदिनु हुन।

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

(सामुदायिक विद्यालय अध्ययन गरेको सिफारिस पत्रको ढाँचा)

सम्बन्धित विद्यालयको लेटर प्याडमा तयार गरेको हुनुपर्ने

### विषय : सामुदायिक विद्यालयमा अध्ययन गरेको सम्बन्धमा ।

श्री धनगढी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली ।

प्रस्तुत विषयमा देहायको विवरण भएका विद्यार्थीले कक्षा १० मा यस सामुदायिक विद्यालयमा अध्ययन गरी SEE परीक्षा उत्तीर्ण गरेको व्यहोरा सिफारिस गर्दछु ।

देहाय :

| क्र.सं. | विवरण | |
|---|---|---|
| १ | विद्यार्थीको नाम, थर | |
| २ | SEE परीक्षाको रोल नम्बर | |
| ३ | SEE परीक्षामा प्राप्त GPA | |
| ४ | विद्यार्थीको इमिस कोड | |
| ५ | विद्यार्थीको आमाको नाम, थर | |
| ६ | विद्यार्थीको बुबाको नाम, थर | |
| ७ | विद्यार्थीको जन्ममिति | |
| ८ | विद्यार्थीको स्थायी ठेगाना | |
| ८.१ | जिल्ला | |
| ८.२ | नगरपालिका/गाउँपालिका | |
| ८.३ | वडा नं. | |
| ८.४ | टोल | |

माथि उल्लेखित विवरण ठीक साँचो हो । झुठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**विद्यार्थीको**

दस्तखत

नामथर

मिति

**प्रधानाध्यापकको**

दस्तखत

नामथर

मिति

मोबाइल नं.

विद्यालयको छाप

(संस्थागत विद्यालयले उपलब्ध गराएको छात्रवृत्ति कोटामा अध्ययन गरेको सिफारिस पत्रको ढाँचा)
सम्बन्धित विद्यालयको लेटर प्याडमा तयार गरेको हुनु पर्ने

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

**विषय : संस्थागत विद्यालयमा छात्रवृतिमा अध्ययन गरेको सम्बन्धमा ।**

श्री धनगढी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली ।

प्रस्तुत विषयमा देहायको विवरण भएका विद्यार्थीले कक्षा १० मा यस संस्थागत विद्यालयमा छात्रवृतिमा अध्ययन गरी SEE परीक्षा उत्तीर्ण गरेको व्यहोरा सिफारिस गर्दछु ।

**देहाय :**

| क्र.सं. | विवरण | |
|---|---|---|
| १ | विद्यार्थीको नाम, थर | |
| २ | SEE परीक्षाको रोल नम्बर | |
| ३ | SEE परीक्षामा प्राप्त GPA | |
| ४ | विद्यार्थीको इमिस कोड | |
| ५ | छात्रवृतिको रकम रु. | |
| ६ | विद्यार्थीको आमाको नाम, थर | |
| ७ | विद्यार्थीको बुबाको नाम, थर | |
| ९ | विद्यार्थीको जन्ममिति | |
| १० | विद्यार्थीको स्थायी ठेगाना | |
| १०.१ | जिल्ला | |
| १०.२ | नगरपालिका/गाउँपालिका | |
| १०.३ | वडा नं. | |
| १०.४ | टोल | |

माथि उल्लेखित विवरण ठीक साँचो हो । झुठो ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**विद्यार्थीको**
दस्तखत
नामथर
मिति

**प्रधानाध्यापकको**
दस्तखत
नामथर
मिति
मोबाइल नं.

विद्यालयको छाप

# धनगढी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

**कक्षा ११ मा छात्रवृत्ति कोटामा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि आवेदन भरी बुझाउने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१।०३।१६ गते आइतबार**

धनगढी उपमहानगरपालिका अन्तर्गतका संस्थागत शिक्षण संस्थामा कक्षा ११ मा भर्ना भई छात्रवृत्ति कोटामा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई परीक्षा प्रणालीबाट छात्रवृत्ति उपलब्ध गराइने र यसका लागि देहायको तालिका बमोजिम परीक्षा सञ्चालन हुने व्यहोरा विद्यार्थी तथा अभिभावकहरूमा जानकारी गराइन्छ।

उपमहानगरपालिकाको वेबसाइट www.dhangadhimun.gov.np वा शिक्षा, युवा तथा खेलकुद महाशाखा, धनगढी उप-महानगरपालिका फेसबुक पेजबाट छात्रवृत्ति छनौट परिक्षासम्बन्धी विस्तृत जानकारी प्राप्त गरी छात्रवृत्ति छनौट परीक्षाका लागि आवेदन दिन सकिनेछ।

**परीक्षा तालिका**

**आवेदन फाराम बुझाउन सुरु हुने मिति :** २०८१ असार १६ गते आइतबार दिनको २:०० बजेदेखि

**आवेदन फाराम बुझाउने अन्तिम मिति** : २०८१ असार ३० गते आइतबार दिनको ३:०० बजेसम्म

**परीक्षा सञ्चालन हुने मिति :** २०८१ श्रावण ५ गते शनिबार बिहान ११:०० बजेदेखि १२:३० बजेसम्म

**पुनश्च :** विद्यालयगत छात्रवृत्तिको कोटा र परीक्षा केन्द्र सम्बन्धी अन्य विवरण कार्यालयको वेभसाइटमा पछि प्रकाशन गरिनेछ। छात्रवृत्तिको नतिजा प्रकाशन भएपश्चात् मात्र विद्यार्थी भर्ना हुन विद्यार्थीहरूमा अनुरोध गरिनेछ। नतिजा प्रकाशन हुनु अगाडि नै भर्ना भएका विद्यार्थीहरूलाई छात्रवृत्ति प्राप्तिका लागि सहजीकरण गर्न नसकिने व्यहोरा जानकारी गराइन्छ।

नरेन्द्र बहादुर खाती

प्रमुख प्रशासकीय अधिकृत